# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, पुस २८ गते २०४३ साल (संख्या ३९

## भाग ३

श्री ५ को सरकार

जलस्रोत मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले चितवन सिंचाइ विकास समिति (गठन) आदेश, २०३० को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी चितवन सिंचाइ विकास समितिको अध्यक्षमा जलस्रोत सचिव रहने गरी हेरफेर गरेको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४३।९।३ को निर्णयानुसार कन्काई विकास समिति (गठन) आदेश, २०२९ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सो समितिको अध्यक्षमा जलस्रोत मन्त्रालयको अतिरिक्त सचिव रहने र सदस्यमा जलस्रोत मन्त्रालयको सचिव रहने व्यवस्था खारेज गरी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४३।९।३ को निर्णयानुसार भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सो समितिको अध्यक्षमा जलस्रोत मन्त्रालयका अतिरिक्त सचिव रहने गरी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।